श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### वन पैदावार विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४३

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वन पैदावार विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०४३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधनः

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

"परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वन पैदावार विकास परियोजना, सागरनाथ वन विकास परियोजना र नेपालगञ्ज वन विकास परियोजना सम्झनुपर्छ ।"

३. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को,–

(१) उपदफा (२) को खण्ड (क), (ग) र (घ) को सट्टा देहायको खण्ड (क), (ग) र (घ) राखिएका छन्:–

"(क) राजमार्गदेखि दक्षिण सागरनाथमा वृक्षारोपण गर्न बाँकी वनक्षेत्र, सागरनाथको बसोबासको लागि वनसिमाना निर्धारण (डिमार्केसन) गरी छुट्याइएको वनक्षेत्र, मूर्तिया वनक्षेत्र र सिवालिक डाँडाको तीन सय हेक्टर वनक्षेत्र गरी जम्मा छ हजार हेक्टर वनक्षेत्रमा सफट कटान गरी वृक्षारोपण गर्ने ।

(ग) राजमार्गदेखि दक्षिण सागरनाथमा वृक्षारोपण गरी सकेको चार हजार चार सय हेक्टर जग्गा तथा भविष्यमा गरिने वृक्षारोपण क्षेत्रहरू समेतको हेरचाह र संरक्षण गर्ने ।

(घ) परियोजना अवधिमा पाँच हजार हेक्टर जग्गामा अगुवा टाँगिया कार्यक्रम शुरु गर्ने ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः–

"(३) नेपालगञ्ज वन विकास परियोजनाको सम्बन्धमाः–

(क) दुण्डवानदीदेखि पश्चिम, माननदीदेखि पूर्वी क्षेत्रमा रहेको पूर्व पश्चिम राजमार्गदेखि उत्तर दक्षिण दुवैपट्टि आठ हजार हेक्टर वनक्षेत्रमा सर्पट कटान गरी पाँच वर्षमा पाँच हजार हेक्टर वनक्षेत्रमा वृक्षारोपण गर्ने ।

(ख) वृक्षारोपणको लागि नर्सरी स्थापना गर्ने ।

(ग) वृक्षारोपण गरी हेरचाह र संरक्षण गर्ने ।

(घ) परियोजना अवधिमा पाँच हजार हेक्टर अगुवा टाँगिया कार्यक्रम शुरू गर्ने ।

(ङ) वनपथ तथा अग्नीरेखा बनाई आगोबाट वन संरक्षण गर्ने कामहरू गर्ने ।

(च) कटान भएका रूखबाट गोलिया काठ र दाउरा कटान, चिरान र फडान गरी बिक्री वितरण गर्ने ।

(छ) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।"

४. मूल आदेशको दफा ५ मा संशोधनः मूल आदेशको दफा ५ को,–

(१) उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांश झिकिएको छ ।

(२) उपदफा (२) र (३) को सट्टा देहायको उपदफा (२) र (३) राखिएका छन्ः–

"(२) समितिले सागरनाथ वन विकास परियोजना र नेपालगञ्ज वन विकास परियोजनाको कार्य संचालन गर्न सागरनाथ वनक्षेत्रको लागि र नेपालगञ्ज वनक्षेत्रको लागि एक एक वटा छुट्टा छुट्टै उपसमिति गठन गर्नेछ । सो उपसमितिमा रहने सदस्यहरू र निजहरूको पदावधि समितिले तोकेबमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सम्बन्धित उपसमितिले सम्बन्धित वनक्षेत्रभित्रको वन पैदावार विकास परियोजनाको काम समेत गर्नेछ ।"

५. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छः–

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सागरनाथ वन



495

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास परियोजना उपसमिति र नेपालगञ्ज वन विकास परियोजना उपसमिति-को छुट्टा छुट्टै खाता हुनेछ र सो परियोजनाहरूको आम्दानी परियोजनाको छुट्टा छुट्टै खातामा जम्मा गरिनेछ । सो परियोजनाहरूको खर्च आफ्नो आफ्नो खाताबाट व्यहोरिनेछ ।"

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
# स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले औषधि ऐन, २०३५ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभर विश्व स्वास्थ्य संघको निम्नलिखित फर्मुलाबमोजिम सम्मिश्रण नगरिएका ओरल रिहाइड्रेसन सल्ट औषधिहरूको पैठारी आजैदेखि र त्यस्तो औषधिको बिक्री वितरण मिति २०४३।६।१ देखि मनाही गरिएको छ ।

| | |
|---|---|
| १. सोडियम क्लोराइड (Sodium Chloride) | 3.5 gm (12.73%) |
| पोटासियम क्लोराइड (Potassium Chloride) | 1.5 gm (5.45%) |
| सोडियम बाइकार्बोनेट (Sodium Bicarbonate) | 1.2 gm (9.09%) |
| ग्लुकोज (Glucose) | 20 gm (72.73%) |

अथवा

| | |
|---|---|
| २. सोडियम क्लोराइड (Sodium Chloride) | 3.5 g. |
| ट्राइसोडियम साइट्रेट डाइहाइड्रेट (Trisodium Citrate Dihydrate) | 2.9 g. |
| पोटासियम क्लोराइड (Potassium Chloride) | 1.5 g. |
| ग्लुकोज (Glucose) | 20.0 g. |

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।